सभाको अध्यक्ष चुनिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले—

कुलशेखर शर्मा, सेक्रेटरी—सल्लाहकारसभा.

## सल्लाहकार सभा सचिवालयको सूचना नं. २

सल्लाहकार सभाको आषाढ ३, २०११ को बैठकमा, श्री गुलाबनारायण झा, सल्लाहकार सभाको कार्यसंचालन तथा कार्यविधिको नियम ७ अनुसार सल्लाहकार सभाको उपाध्यक्ष चुनिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले—

कुलशेखर शर्मा, सेक्रेटरी—सल्लाहकारसभा.

## कानूनमन्त्रालयको सूचना

### भूल—सुधार

२०११।८।१३

गत कार्तिक २० गते नेपाल गजेटमा प्रकाशित भएको नेपाल अन्तरीम शासन विधानको दफा ५५ को पहिलो पंक्तिमा:—

"सल्लाहकार सभाको कुनै सदस्यले पनि दफा ५३ मा" भन्ने हुनुपर्नेमा भूलले "सल्लाहकार सभाको कुनै सदस्यले पनि दफा ३६ मा" भन्ने र अनुसूची १.(१) को मन्त्रीको निमित्त शपथको वेहोरासम्बन्धी दफाको पाँचौं पंक्तिमा:— "अन्तःकरणले गर्नेछु र भय या पक्षपात" भन्ने हुनुपर्नेमा भूलले "अन्तःकरणले गर्नेछु र भएमा पक्षपात" भनी प्रकाशित हुन गएको हुनाले माथि लेखिएबमोजिम सच्याई पढ्नुहोला ।

आज्ञाले—

तिलकशमशेर,

सेक्रेटरी—कानूनमन्त्रालय.

920

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।